शान्तिनगरको दायित्व, सुशासन र समृद्धिको स्थायित्व

स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक

# हाम्रो शान्तिनगर

## कक्षा
## २

शान्तिनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जुम्लेकुला, दाङ, नेपाल

प्रकाशक : शान्तिनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जुम्लेकुला, दाङ, नेपाल

प्राविधिक सहकार्य : नेपाल प्राज्ञिक अध्ययन अनुसन्धान केन्द्र, रूपन्देही

सर्वाधिकार : प्रकाशकमा

प्रथम संस्करण : २०८३

यस पाठ्यपुस्तकसम्बन्धी सम्पूर्ण अधिकार शान्तिनगर गाउँपालिकामा निहित छ । यस गाउँपालिकाको लिखित स्वीकृतिबिना पूर्ण वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरी प्रकाशन गर्न तथा विद्युतीय साधन वा अन्य प्रविधिबाट कपी गर्न तथा अभिलेख उतार गर्न पाइने छैन ।



प्रमोद बस्नेत
अध्यक्ष

# प्रकाशकीय



प्रेमाकुमारी बुढाथोकी
उपाध्यक्ष

शान्तिनगर गाउँपालिकाद्वारा तयार पारिएको स्थानीय पाठ्यक्रमका विषयवस्तु, क्षेत्र र क्रममा आधारित रहेर हाम्रो शान्तिनगर पाठ्यपुस्तक प्रकाशित गरिएको छ। शान्तिनगर गाउँपालिकाको सामाजिक, आर्थिक, कला, संस्कृति, सांस्कृतिक, धार्मिक, नैतिक, पर्यटकीय, औद्योगिक, स्वास्थ्य, व्यापारिक, कृषि जस्ता विषयमा विद्यार्थीलाई जानकारी गराई नैतिकवान्, अनुशासित, र सृजनशील नागरिक तयार गर्न मद्दत पुऱ्याउने उद्देश्यका साथ स्थानीय पाठ्यक्रम निर्माण गरी पाठ्यपुस्तक निर्माण गरिएको हो। यस पाठ्यपुस्तकमा स्थानीय पुरातात्त्विक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक, धार्मिक, पर्यटकीय स्थलहरू तथा सेरोफेरोका महत्त्वपूर्ण स्थलसँग सम्बन्धित एवम् विषयवस्तु समावेश गरिएको छ। यस पुस्तकको अध्ययनबाट विद्यार्थीले आफ्नो गाउँपालिकाको भौगोलिक अवस्थिति, स्थानीय ऐनकानुन, सेवासुविधा, स्थानीय संस्कृति, चाडपर्व, जातजाति, सामाजिक अनुशासन, कृषि, प्राकृतिक चिकित्सा, जडीबुटी र परम्परागत सिपका बारेमा जानकारी लिन सक्ने छन्। शान्तिनगर गाउँपालिकाअन्तर्गतका विद्यालयहरूबाट आधारभूत तह उत्तीर्ण गरेका विद्यार्थीले आन्तरिक वा बाह्य पर्यटकहरूलाई मार्गदर्शन गर्न सकून् भन्ने अपेक्षा राखी पाठ्यक्रम निर्माण र पाठ्यपुस्तकको प्रकाशन गरिएको हो। **हाम्रो शान्तिनगर** पाठ्यपुस्तकको लेखन तथा सम्पादन कार्यको जिम्मेवारी लिने संस्था नेपाल प्राज्ञिक अध्ययन अनुसन्धान केन्द्र, रूपन्देही र पाठ्यपुस्तक लेखकहरू डा. शालिकराम पौड्याल, डा. प्रेमप्रसाद तिवारी र स्थानीय पाठ्यपुस्तक निर्माण समितिका सम्पूर्ण सदस्यहरूप्रति पनि हार्दिक आभार व्यक्त गर्दछौँ।

प्रस्तुत पाठ्यपुस्तकको निर्माणमा सहयोग गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत भेषराज चन्दज्यू, शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख सुमन पाण्डेज्यू, गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीज्यूहरू, विभिन्न सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकज्यू, विषयशिक्षक, स्थानीय शिक्षाविद्, विभिन्न राजनीतिक दलका प्रतिनिधिज्यूलगायत सम्पूर्ण शान्तिनगरवासीप्रति हार्दिक धन्यवाद तथा आभार प्रकट गर्दछौँ।

अन्त्यमा पाठ्यक्रम तथा पाठ्यपुस्तक परिवर्तन निरन्तर प्रक्रिया भएकाले आगामी दिनमा सरोकारवाला निकाय, शिक्षक, विद्यार्थी, अभिभावक, पाठक र विद्वान्हरूबाट प्राप्त रचनात्मक सुझावका आधारमा परिमार्जन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दछौँ। प्रस्तुत पाठ्यपुस्तक शैक्षिक सत्र २०८२ देखि शान्तिनगर गाउँपालिकामा रहेका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयमा पठनपाठन हुने कुरामा विश्वस्त छौँ।

शान्तिनगर गाउँपालिका, जुम्लेकुला, दाङ, नेपाल

# विषयसूची


| एकाइ / पाठ | शीर्षक | पृष्ठ न. |
|---|---|---|
| एकाइ : एक | हाम्रो कृषिकर्म | १ |
| पाठ एक | हाम्रो करेसाबारी | २ |
| पाठः दुई | हाम्रा अन्नबाली | ८ |
| पाठः तीन | हाम्रा कृषि औजार | १२ |
| पाठः चार | किसानको मिहिनेत | १७ |
| एकाइ : दुई | हाम्रो इतिहास र संस्कृति | २१ |
| पाठः पाँच | हाम्रो इतिहास र संस्कृति | २२ |
| पाठः छ | हाम्रा पोसाक | २८ |
| पाठः सात | हाम्रा रमाइला मेला | ३२ |
| एकाइ : तीन | हाम्रो शान्तिनगर | ३६ |
| पाठः आठ | मेरो वडा र गाउँपालिका | ३७ |
| पाठः नौ | सुन्दर र सफा शान्तिनगर | ४१ |
| पाठः दश | हाम्रा पेसा र भाषा | ४६ |
| एकाइ : चार | हाम्रो परम्परा | ४९ |
| पाठः एघार | हाम्रो परिवार र संस्कार | ५० |
| पाठः बाह्र | शिष्टाचार | ५३ |
| पाठः तेह्र | सुन्दरको असल बानी | ५७ |
| एकाइ : पाँच | हाम्रो स्थानीय सरकार | ६१ |
| पाठः चौध | हाम्रो स्थानीय सरकार | ६२ |
| पाठः पन्ध्र | हाम्रो वडा र सेवा | ६६ |
| एकाइ : छ | लिखत तथा उद्घोषण | ७० |
| पाठः सोह्र | मिठो बोलौँ, स्पष्ट बोलौँ | ७१ |

## एकाइ : एक

# हाम्रो कृषिकर्म



पाठ : एक

# हाम्रा बालीनाली

(कक्षाकोठामा गुरुआमा र विद्यार्थीका बिचमा भएको कुराकानी)

गुरुआमा : नानीबाबुहरू, आज हामी हाम्रो शान्तिनगरमा पाइने बालीनालीका बारेमा कुरा गरौँ है । कसलाई थाहा छ, हाम्रो गाउँमा के के फल्छ ?



सन्देश : गुरुआमा, मेरो घरतिर त अहिले खेतैभरि पहेँलो तोरी फुलेको छ।

गुरुआमा : स्याबास सन्देश । तोरी एउटा नगदे बाली हो । यसलाई बेचेर तुरुन्तै पैसा कमाउन सकिन्छ। शान्तिनगरमा तोरीबाहेक अदुवा, कफी, उखु र कपास पनि नगदे बालीका रूपमा लगाइन्छ। वडा नम्बर १ र ३ तिर त अदुवा र कफी निकै राम्रो फल्छ नि।



तोरी



अदुवा



कफी



उखु



कपास

मनिता : गुरुआमा, हामीले दिनदिनै खाने भात र रोटी चाहिँ कुन बाली हुन् नि ?

गुरुआमा : धेरै राम्रो प्रश्न मनिता। भात बन्ने धान र रोटी बन्ने मकै, गहुँ र कोदो चाहिँ अन्नबाली हुन्। बबई नदी किनारका फाँटमा धान फल्छ। माथिल्लो भेगमा मकै धेरै फल्छ।

सरला : अनि गुरुआमा, हाम्रो बारीमा त काउली र बन्दा पनि धेरै छ। ती चाहिँ के हुन् ?

गुरुआमा : ती तरकारी बाली हुन् सरला । जाडामा काउली, बन्दा र मुला फल्छन् । गर्मीमा घिरौँला र करेला फल्छन् । तरकारीले हामीलाई भिटामिन दिन्छ ।



काउली



बन्दा



मुला



आँप



अम्बा

विशाल : गुरुआमा, मेरो घरमा त आँप र अम्बाका बोट पनि छन् ।

गुरुआमा : हो, ती फलफूल हुन् । गर्मीमा आँप र केरा पाइन्छ भने जाडामा सुन्तला, कागती र अम्बा पाक्छन् । यसरी हाम्रो शान्तिनगर कृषिमा निकै धनी छ । हामीले यी बालीहरूको स्याहार गर्नुपर्छ ।



## क्रियाकलाप गरौं :



### खाली ठाउँ भर्नुहोस् :

(अन्न, १ र ३, तरकारी, नगदे)

(क) तोरी र अदुवा ....................... बाली हुन्।

(ख) धान, मकै र गहुँ ....................... बाली हुन्।

(ग) वडा नम्बर .................. मा अदुवा र कफीको राम्रो खेती हुन्छ।

(घ) काउली र बन्दा ....................... बाली हुन्।



### जोडा मिलाउनुहोस् :

| बालीको नाम | बालीको प्रकार |
|---|---|
| धान र मकै | फलफूल |
| उखु र कपास | अन्नबाली |
| करेला र भन्टा | नगदेबाली |
| सुन्तला र मेवा | तरकारी बाली |



## कुन मौसममा फल्छ ?

(हिउँद वा बर्खा)

(क) धान : ..................................................

(ख) गहुँ : ..................................................

(ग) मकै : ..................................................

(घ) तोरी : ..................................................



## हो वा होइन लेख्नुहोस् :

(क) शान्तिनगरमा कफी खेती हुँदैन। (...........)

(ख) नगदे बाली बेचेर पैसा कमाउन सकिन्छ। (...........)

(ग) तरकारीले हामीलाई शक्ति र भिटामिन दिन्छ। (...........)

(घ) बबई नदी किनारमा धान राम्रो फल्छ। (...........)



## उत्तर दिनुहोस् :

(क) जाडो मौसममा पाक्ने एउटा फलफूलको नाम भन्नुहोस्।

(ख) चिराघाट क्षेत्रमा कुन नगदे बालीको खेती गरिन्छ ?

(ग) रोटी कुन कुन अन्नबाट बन्छ ?

## सिर्जनात्मक कार्य :

आफ्नो घरमा पाइने कुनै पनि दुईओटा अन्न र दुईओटा तरकारीको नाम लेख्नुहोस् र तीमध्ये आफूलाई सबैभन्दा मन पर्ने बालीको चित्र बनाउनुहोस् ।

पाठ : दुई

# हाम्रो करेसाबारी



घरको छेउमा सानो बारी, मिली खनौँ न,
स्वस्थ बन्न बारीमा, खेती लगाऔँ न।

बाबा बारी खन्नुहुन्छ, आमा रोप्ने बिउ,
हामी पानी हाल्छौँ साथी स्वस्थ बन्छ जिउ।



वरिपरि फलेका छन् काउली, बन्दा, साग,
यसैमा छ मेरा साथी हामी सबको भाग।

पानी हालौँ, स्याहार गरौँ, मलजल गरौँ,
विषादीलाई परै राखी स्वस्थ जीवन भरौँ।



ताजा ताजा तरकारी, घरमै टिपी खाऔँ,
शान्तिनगर गाउँलाई, सुन्दर बनाऔँ।

सानाठुला हामी सबलाई जाँगरको भर,
बारीभरि तरकारी छन् छैन मलाई डर।



## क्रियाकलाप गरौं :



### खाली ठाउँ भर्नुहोस् :

(स्वस्थ, पानी, जाँगर, सुन्दर)

(क) हामीले ........................ तरकारी खानुपर्छ।

(ख) सानाठुलाको ........................ हुनुपर्छ।

(ग) तरकारीमा ...................... हाल्नुपर्छ।

(घ) हाम्रो शान्तिनगर गाउँलाई ........................ बनाऔँ।



### कसले के काम गर्ने ? जोडा मिलाउनुहोस् :

| पात्र | काम |
|---|---|
| बाबा | पानी हाल्ने |
| आमा | खन्ने |
| हामी | रोप्ने |



## गीतमा आएका तरकारीको नाम लेख्नुहोस् :

१. ............................................................

२. ............................................................

३. ............................................................

४. ............................................................



## हो वा होइन लेख्नुहोस् :

(क) करेसाबारी बनाउन ठुलाको सहयोग चाहिन्छ। (..........)

(ख) बारीमा तरकारीसँगै झारपात पनि पाल्नुपर्छ। (..........)

(ग) आफ्नै बारीको तरकारी खाँदा पैसाको बचत हुन्छ। (..........)

(घ) करेसाबारी घरभन्दा धेरै टाढा हुनुपर्छ। (..........)



## उत्तर दिनुहोस् :

(क) करेसाबारी कहाँ बनाउनुपर्छ ?

(ख) कस्तो तरकारी खाँदा हामी स्वस्थ हुन्छौँ ?

(ग) करेसाबारी बनाउन कसको सहयोग चाहिन्छ ?

## सिर्जनात्मक कार्य :

(क) तपाईंको घरको करेसाबारीमा अहिले के के फलेका छन् ? कुनै दुईओटाको चित्र बनाउनुहोस् र रङ भर्नुहोस्।

(ख) आज घरमा गएर बाबा वा आमासँग मिलेर एउटा सानो गमला वा बारीको कुनामा धनियाँ वा सागको बिउ रोप्नुहोस्।

पाठ : तीन

# हाम्रा कृषि औजार

शान्तिनगरका किसानले खेतबारी खनजोत गर्छन् । झार उखेल्न र बाली काट्न विभिन्न औजार प्रयोग गर्छन् । हाम्रा कृषि औजार हलो र जुवा हुन् । यो गोरुले तान्ने काठको औजार हो । यसले खेतबारी जोत्ने काम गर्छ । आजकल हलोको सट्टा ट्र्याक्टर पनि प्रयोग हुन्छ ।

कोदालो र कुटो बारी खन्न प्रयोग हुन्छ । सानो ठाउँ खन्न वा तरकारीको फेदमा गोडमेल गर्न कुटोको प्रयोग हुन्छ ।

हँसिया फलामको धारिलो औजार हो । घाँस काट्न, धान काट्न हँसिया प्रयोग हुन्छ ।



डोको



नाम्लो



कोदालो



हँसिया



खन्ती



कुटो

खन्ती खन्न वा खाडल पार्न प्रयोग हुन्छ। बालुवा वा माटो सार्न बेल्चा प्रयोग हुन्छ। डोको र नाम्लो बालीनाली घरसम्म ओसार्न प्रयोग हुन्छ। मल बोक्नका लागि पनि प्रयोग हुन्छ।



## क्रियाकलाप गरौँ :



### खाली ठाउँ भर्नुहोस् :

(ट्याक्टर, हँसिया, हलो, डोको)

(क) खेत जोत्नका लागि ........................ र गोरु चाहिन्छ।

(ख) घाँस वा धान काट्न ........................ को प्रयोग गरिन्छ।

(ग) खेतीका सामान बोक्न ........................ र नाम्लो चाहिन्छ।

(घ) हिजोआज हलोको सट्टा मेसिन ........................ प्रयोग हुन्छ।

## जोडा मिलाउनुहोस् :

| औजार | काम |
|---|---|
| कोदालो | खाडल खन्ने |
| हँसिया | बारी खन्ने |
| खन्ती | सामान बोक्ने |
| डोको | बाली काट्ने |

## चित्र हेरेर नाम लेख्नुहोस् :









## हो वा होइन लेख्नुहोस् :

(क) हँसियाले खेत जोतिन्छ।  [..........]

(ख) कुटाले साना बिरुवा गोडमेल गरिन्छ।  [..........]

(ग) डोको बाँसबाट बनाइन्छ।  [..........]

(घ) बेल्चाले बाली काट्ने काम गरिन्छ।  [..........]

## उत्तर दिनुहोस् :

(क) माटो सार्न कुन औजार प्रयोग गरिन्छ ?

(ख) धान काट्ने औजारलाई के भनिन्छ ?

(ग) हलो तान्न कुन जनावर चाहिन्छ ?



## सिर्जनात्मक कार्य :

(क) खेतीपातीमा प्रयोग हुने तपाईँको घरमा भएको हलोको चित्र बनाउनुहोस् र रङ भर्नुहोस्।



## प्रयोगात्मक कार्य गरौँ :

आफ्नो घरमा भएका खेतीपातीका कुनै दुईओटा औजारको नाम सोधेर आउनुहोस् र ती के काममा प्रयोग हुन्छन् ? कक्षामा सुनाउनुहोस्।

पाठ : चार

# किसानको मिहिनेत

शान्तिनगर गाउँमा चमेलीको परिवार बस्छ । चमेलीका बाबा र आमा किसान हुनुहुन्छ । एकदिन चमेलीले सोधिन्, “बाबा, हामीले खाने अन्न र तरकारी कसरी फल्छन् ?”

बाबाले मुस्कुराउँदै भन्नुभयो, “नानी, खेती गर्ने एउटा तरिका हुन्छ । सबै भन्दा पहिले हामीले राम्रो बिउ छान्छौँ र सानो ब्याडमा बिरुवा उत्पादन गर्छौं ।”

आमाले थप्नुभयो, “बिरुवा अलि ठुलो भएपछि हामी खेतबारी खनजोत गरेर त्यसलाई रोप्छौँ । बिरुवालाई खाना चाहिन्छ, त्यसैले हामी गोबरबाट बनेको प्राङ्गारिक मल हाल्छौँ । बिरुवामा कुलाबाट सिँचाइ गर्छौं ।”



चमेलीले सोधिन्, “अनि ती झारहरू नि ?” बाबाले भन्नुभयो, “हो, बिरुवाको वरिपरि उम्रेका झारहरूलाई हामीले गोडमेल गरेर फाल्नुपर्छ। यसो गरेमा बिरुवा राम्रोसँग बढ्छ।”

केही महिनापछि बाली पाकेर पहेँलपुर भयो। चमेलीको परिवार मिलेर बाली भित्राउन खेतमा गए। उनीहरूले धान काटेर घर ल्याए। अन्त्यमा, वर्षभरि खानका लागि अन्नलाई सुकाए। उनीहरुले अन्न सफा गरे। अन्नलाई डेहरीमा भण्डारण गरे। चमेलीले आज खेती गर्ने रमाइलो तरिका सिकिन्।



## क्रियाकलाप गरौं :



### खाली ठाउँ भर्नुहोस् :

(**भण्डारण, बिउ, सिँचाइ, गोडमेल**)

(क) बिरुवा उमार्नका लागि राम्रो ........................ चाहिन्छ।

(ख) बिरुवालाई पानी दिनुलाई ........................ भनिन्छ।

(ग) नचाहिने झारपात फाल्ने काम ........................ हो।

(घ) अन्नलाई पछिका लागि सुरक्षित राख्नु ........................ हो।



## जोडा मिलाउनुहोस् :

| काम | केका लागि ? |
|---|---|
| मल हाल्ने | आवश्यक पानीका लागि |
| सिँचाइ गर्ने | बिरुवालाई बलियो बनाउन |
| भित्राउने | झारपात हटाउन |
| गोडमेल गर्ने | पाकेको बाली घर ल्याउन |



## हो वा होइन लेख्नुहोस् :

(क) खेती गर्नका लागि पहिले बिउ चाहिन्छ। [..........]

(ख) बिरुवालाई मल र पानी चाहिँदैन। [..........]

(ग) गोडमेल गर्दा बिरुवा राम्रो हुन्छ। [..........]

(घ) बाली पाकेपछि मात्र भित्राउनुपर्छ। [..........]



## खेतीका चरणहरूलाई क्रम मिलाएर लेख्नुहोस् :

(रोप्ने, भण्डारण, बिउ राख्ने, भित्राउने)

१. ............................  २. ................................

३. ............................  ४. ...............................



## उत्तर लेख्नुहोस् :

(क) बिरुवालाई किन मल चाहिन्छ ?

(ख) बाली भित्राउने भनेको के हो ?

(ग) तपाईँको घरमा अन्न कहाँ भण्डारण गरिन्छ ?



## सिर्जनात्मक कार्य :

एउटा सानो गिलासमा वा कापीको पानामा अलिकति माटो राखेर मकै वा सिमीको बिउ रोप्ने प्रयास गर्नुहोस् । त्यसलाई हरेक दिन हेर्नुहोस् र कसरी उम्रिन्छ ? आफ्नो कापीमा चित्र बनाउनुहोस् ।

## एकाइ : दुई

# हाम्रो इतिहास र संस्कृति



पाठ : पाँच

# हाम्रा नाच र बाजा

(कक्षाकोठामा गुरुआमा र विद्यार्थीका बिचमा भएको कुराकानी)

गुरुआमा : नानीबाबुहरू, आज हामी हाम्रो शान्तिनगरमा नाचिने नाच र बजाइने बाजाहरूको बारेमा कुरा गरौँ है । हाम्रो गाउँमा कुन कुन नाच नाचिएको देख्नुभएको छ ?

आलोक : गुरुआमा, दसैँ तिहारमा त हाम्रो गाउँमा सोरठी र सिँगारु खुब नाच्छन् नि !



मयूर



सोरठी



सिँगारु



लाठी



पैँसेरी नाच र बाजा



बड्का नाच

प्रिया : मेरो घरतिर त मयूर नाच पनि नाचिन्छ। मयूरको प्वाँख लगाएर नाचेको कति राम्रो देखिन्छ।

गुरुआमा : स्याबास ! शान्तिनगरमा सोरठी, सिँगारु, मयूर र पैँसेरी नाचहरू निकै प्रसिद्ध छन्। भन्नुहोस् त, नाच्दा खेरि कुन कुन बाजाहरू बजाइन्छन् ?

सुजित : मलाई थाहा छ गुरुआमा। घिन घिन गरेर मादल बज्छ, अनि चाम चाम गर्दै झ्याली र मुजुरा पनि बज्छन्।

गुरुआमा : एकदम ठिक। मादल त हाम्रो मुख्य बाजा हो। यसलाई दुवै हातले थप्थपाएर बजाइन्छ। बाँसबाट बनेको बाँसुरी फुकेर बजाइन्छ। यी बाजाको तालमा नाच्दा कति रमाइलो हुन्छ है ? ल आउनुहोस्, अब एउटा गीत गाउँदै नाचौँ।

नाचौँ न साथी हो

मादल बज्यो घिनघिन, झ्याली बज्यो चाम,
नाचौँ साथी सबै मिली, छोडी सारा काम।
    सोरठी र सिँगारु, हाम्रो गाउँको सान,
    यिनै नाच नाच्दा बढ्छ हामी सबको मान।
बाँसुरीको धुनले, मनै लोभ्याउँछ,
मयूर नाचले सबैलाई, खुसी तुल्याउँछ।
    मुजुरा र खैँजडी, तालमा बजाऔँ,
    आफ्नो गाउँको संस्कृति, मिली जोगाऔँ ।



## क्रियाकलाप गरौं :



### खाली ठाउँ भर्नुहोस् :

(बाँसुरी, शान्तिनगर, मादल, मयूर)

(क) हाम्रो गाउँपालिकाको नाम ...................... हो ।

(ख) ...................... बाजालाई दुवै हातले थप्थपाएर बजाइन्छ ।

(ग) ...................... बाजा बाँसबाट बनेको हुन्छ ।

(घ) मेरो घरतिर त ...................... नाच पनि नाचिन्छ। ।



### जोडा मिलाउनुहोस् :

| बाजा/नाच | विशेषता |
|---|---|
| मादल | मयूरको प्वाँख |
| सिँगारु | घिन घिन आवाज |
| मयूर नाच | फुकेर बजाइने |
| बाँसुरी | स्थानीय नाच |

## हो वा होइन लेख्नुहोस् :

(क) सोरठी नाचमा बाजाको आवश्यकता पर्दैन । [..........]

(ख) मुजुरा फलाम वा धातुबाट बनेको हुन्छ । [..........]

(ग) बाँसुरी बजाउँदा नाकको प्रयोग गरिन्छ । [..........]

(घ) नाच र बाजाले हाम्रो गाउँको पहिचान बढाउँछन् । [..........]

## सामूहिक नक्कल गरौँ :

सबै विद्यार्थी गोलो घेरामा उभिनुहोस् । शिक्षकले घिनघिन भन्दा मादल बजाएको जस्तो गर्नुहोस् । शिक्षकले सुसेली भन्दा बाँसुरी फुकेको जस्तो गर्नुहोस् ।

## उत्तर दिनुहोस् :

(क) शान्तिनगरमा नाचिने कुनै एउटा नाचको नाम लेख्नुहोस् ।

(ख) हातले थप्थपाएर बजाइने बाजा कुन हो ?

(ग) मुजुरा कसरी बजाइन्छ ?



## चित्र बनाउनुहोस् :

तपाईँलाई सबैभन्दा मन पर्ने बाजाको चित्र आफ्नो कापीमा बनाउनुहोस् र रङ भर्नुहोस् ।



## परियोजना कार्य :

विद्यार्थीलाई स्थानीय स्तरमा प्रचलित बाजाहरूका नाम भन्न लगाउनुहोस् र उनीहरूलाई आफ्नै भाषामा गीत गाउन प्रोत्साहित गर्नुहोस् ।

पाठ : छ

# हाम्रा पोसाक

शान्तिनगरको सिमसुन्दरपुर गाउँमा एउटा ठुलो मेला लागेको थियो । मेलामा विभिन्न जातजातिका मानिस आफ्ना परम्परागत लुगा लगाएर आएका थिए। दुई कक्षामा पढ्ने समीर र सुमी पनि मेला हेर्न गए।



समीरले एउटा टोलीले सोरठी नाच नाचिरहेको देखे । नाच्ने पुरुषहरूले सेतो दौरा–सुरुवाल, कम्मरमा पटुका र टाउकामा टोपी लगाएका थिए। सुमीले भनिन्, “हेर समीर, उनीहरूले कति राम्रो इस्टकोट पनि लगाएका छन् ।” अलि पर मयूर नाच भइरहेको थियो । नाच्नेहरूले सेतो धोती र बक्खु (कमिज जस्तो लुगा) लगाएका थिए। उनीहरूको टाउकामा

मयूरको प्वाँख जडिएको फेटा बाँधिएको थियो । हात र खुट्टामा झुम्का र गहनाहरू झल्किएका थिए । मारुनी नाच्नेले भने लामो गुनिउँचोली र बुट्टेदार घलेक लगाएका थिए।

सुमीले आमालाई सोधिन्, “आमा, उनीहरूले किन यस्ता लुगा लगाएका होलान् ?” आमाले सम्झाउनुभयो, “नानी, हरेक नाचको आफ्नै विशेष पहिरन हुन्छ। पोसाकले हाम्रो जात र गाउँको पहिचान दिन्छ। नाचअनुसारको लुगा लगाउँदा नाच अझ रमाइलो र सुन्दर देखिन्छ।” समीर र सुमीले आज थाहा पाए–हाम्रो शान्तिनगरका पोसाकहरू त कति थरी थरीका र राम्रा रहेछन्।



## क्रियाकलाप गरौं :



### खाली ठाउँ भर्नुहोस् :

(पटुका, पोसाक, फेटा, घलेक)

(क) कम्मरमा बाँधिने लामो लुगालाई ........................ भनिन्छ।

(ख) मयूर नाचमा टाउकामा ........................ बाँधिन्छ।

(ग) मारुनी नाचमा चोलीको माथि ........................ लगाइन्छ।

(घ) हरेक नाचको आफ्नै विशेष ........................ हुन्छ।



## जोडा मिलाउनुहोस् :

| नाच/व्यक्तिविशेष | पोसाक |
|---|---|
| सोरठी (पुरुष) | मयूरको प्वाँख र धोती |
| मारुनी (महिला) | दौरासुरुवाल र टोपी |
| मयूर नाच | गुनिउँ र चोली |



## हो वा होइन लेख्नुहोस् :

(क) दौरासुरुवाल हाम्रो परम्परागत पोसाक हो। [..........]

(ख) मयूर नाचमा टाउकामा टोपी मात्र लगाइन्छ। [..........]

(ग) पोसाकले हाम्रो पहिचान दिन्छ। [..........]

(घ) सबै नाचमा एउटै खालको लुगा लगाइन्छ। [..........]



## उत्तर दिनुहोस् :

(क) मारुनी नाचमा महिलाले कम्मरमुनि के लगाउँछन् ?

(ख) समीरले मेलामा कुन नाच देख्यो ?

(ग) मयूर नाचमा कुन रङको धोती लगाइन्छ ?



## सामूहिक क्रियाकलाप गरौँ :

(क) शिक्षकले कक्षामा विभिन्न पोसाकका चित्रहरू देखाउनुहोस्। कुन पोसाक कुन नाचमा लगाइन्छ ? भनी पालैपालो सोध्नुहोस्।

(ख) तपाईँलाई आफ्नो घरमा कुन परम्परागत लुगा लगाउन मन पर्छ ? त्यसको नाम कक्षामा सुनाउनुहोस्।



## चित्र बनाउनुहोस् :

तपाईँलाई सबैभन्दा मन पर्ने पोसाकको चित्र आफ्नो कापीमा बनाउनुहोस् र रङ भर्नुहोस् ।

पाठ : सात

# हाम्रा रमाइला मेला

**गुरुआमा :** नानीबाबुहरू, तिहार सकिएपछि हाम्रो शान्तिनगरमा कुन ठुलो मेला लाग्छ, कसैलाई थाहा छ ?

**सुमिना :** (खुसी हुँदै) गुरुआमा, मलाई थाहा छ । मेरो मामाघर वडा न. १ मा छ, त्यहाँ त बगिया मेला लाग्छ ।

**गुरुआमा :** स्याबास सुमिना ! बगिया मेला हाम्रो गाउँपालिकाको ऐतिहासिक र धेरै प्रसिद्ध मेला हो । यो मेला कार्तिक महिनाको ठुली एकादशीको अघिल्लो दिन लाग्छ ।



बगिया मेला



शिवरात्रि मेला

सुरेश : गुरुआमा, यसलाई किन बगिया मेला भनिएको होला ?

गुरुआमा : राम्रो प्रश्न सुरेश । यो मेला लाग्ने ठाउँमा ठुलो आँपको बगैँचा छ। बगैँचामा लाग्ने मेला भएकाले यसलाई बगिया मेला भनिएको हो। यहाँ दाङका मात्र होइन, सल्यान जिल्लाका मानिसहरू पनि रमाइलो गर्न आउँछन्।

सुमिना : गुरुआमा, मेलामा त कति धेरै पसल पनि हुन्छन् है !

गुरुआमा : हो नि ! मेलामा स्थानीय सामानहरू, मिठाई, खेलौना र लुगाफाटा किन्न पाइन्छ । साथीभाइ र आफन्तसँग भेटघाट पनि हुन्छ। यसबाहेक हाम्रो गाउँपालिकाका धनौरा, चिराघाट र सिमसुन्दरपुरका शिव मन्दिरहरूमा शिवरात्रिको दिन पनि ठुला मेला लाग्छन्।

सुरेश : ए ! मेलामा त नाचगान पनि हुन्छ, कति रमाइलो हुन्छ होला ?

गुरुआमा : हो, मेलाजात्राले हाम्रो कला र संस्कृतिलाई जोगाउँछ। हामी पनि मेला जाँदा सभ्य भएर जानुपर्छ र फोहोर गर्नुहुँदैन।



## क्रियाकलाप गरौँ :



### ठिक वा बेठिक लेख्नुहोस् :

(क) बगिया मेला शान्तिनगरको वडा न. ७ मा लाग्छ। (......)

(ख) यो मेला आँपको बगैँचा भएको ठाउँमा लाग्छ। (......)

(ग) बगिया मेला ठुली एकादशीको अघिल्लो दिनबाट सुरु हुन्छ। (......)

(घ) मेलामा आफन्त र साथीभाइसँग भेटघाट हुन्छ। (......)

(ङ) शिवरात्रिका दिन मन्दिरहरूमा मेला लाग्दैन। (......)



### खाली ठाउँ भर्नुहोस् :

(आँप, शिवरात्रि, सल्यान, बगिया, गौरव)

(क) हाम्रो गाउँपालिकाको ऐतिहासिक मेला .................... मेला हो।

(ख) बगिया मेलामा ................. जिल्लाका मानिसहरू पनि आउँछन्।

(ग) बगैँचामा ........................ का रूखहरू भएकाले यसलाई बगिया मेला भनिएको हो।

(घ) धनौरा र चिराघाटका मन्दिरहरूमा ............. का दिन मेला लाग्छ।

(ङ) स्थानीय मेला र संस्कृति हाम्रो ....................... र पहिचान हुन्।



## उत्तर दिनुहोस् :

(क) बगिया मेला कुन महिनामा लाग्छ ?

(ख) दसैँ तिहारमा घर आउन नपाएका मानिसहरू कुन मेलामा भेट्न आउँछन् ?

(ग) मेलामा जाँदा हामीले के के कुराहरू देख्न पाउँछौँ ?

(घ) तपाईँलाई मेलामा जाँदा के कुरा सबैभन्दा धेरै मन पर्छ ?



## चित्र बनाएर रङ भरौँ :

एउटा ठुलो आँपको रूख र त्यसको मुनि लागेको मेलाको चित्र बनाउनुहोस् । मेलाका मानिस र पसल पनि देखाउनुहोस् ।



## छलफल गरौँ :

तपाईँले अहिलेसम्म कुन कुन मेला देख्नुभएको छ ? त्यहाँ के के गर्नुभयो ? कक्षामा साथीहरूलाई सुनाउनुहोस् ।

## एकाइ : तीन

# हाम्रो शान्तिनगर



पाठ : आठ

# मेरो वडा र गाउँपालिका

शान्तिनगर गाउँपालिका लुम्बिनी प्रदेशको दाङ जिल्लामा पर्छ । गाउँपालिकाको उत्तरी सिमानामा सल्यान जिल्ला, पश्चिममा बबई गाउँपालिका, दक्षिणमा दंगीशरण गाउँपालिका र पूर्वमा तुलसीपुर उपमहानगरपालिका रहेका छन् । बाघमारे, शान्तिनगर र धनौरी मिलेर शान्तिनगर गाउँपालिका बनेको हो ।



हाम्रो गाउँपालिका धेरै ठुलो छ। त्यसैले काम गर्न सजिलो होस् भनेर यसलाई ७ ओटा वडाहरूमा बाँडिएको छ। प्रत्येक वडामा एउटा वडा कार्यालय हुन्छ। वडा कार्यालयमा वडा अध्यक्ष र अन्य सदस्यहरू हुनुहुन्छ। उहाँहरूले हाम्रो गाउँको बाटो, बिजुली, पानी र विद्यालयको रेखदेख गर्नुहुन्छ। हामीलाई जन्मदर्ता वा अन्य सिफारिस चाहियो भने हामी वडा कार्यालय जान्छौँ।

गाउँपालिकाको मुख्य कार्यालय शान्तिनगर (जुम्लेकुला) मा छ। गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षले गाउँपालिकाको विकासका लागि योजना बनाउनुहुन्छ। हामीले आफ्नो वडा र गाउँपालिकालाई सफा र हराभरा राख्नुपर्छ।

| वडा न. | वडा कार्यालय रहेको स्थान |
|---|---|
| १ | नयाँ बस्ती |
| २ | सिमसुन्दरपुर |
| ३ | चिराघाट |
| ४ | चिराघाट |
| ५ | रगैँजा |
| ६ | पहाडीपुर |
| ७ | खैरेनी |



## क्रियाकलाप गरौं :



### खाली ठाउँ भर्नुहोस् :

(शान्तिनगर, वडा, दाङ)

(क) हाम्रो गाउँपालिकाको नाम ........................ हो ।

(ख) शान्तिनगर गाउँपालिका ........................ जिल्लामा पर्छ ।

(ग) हाम्रो गाउँपालिकामा जम्मा ........................ ओटा वडा छन् ।

(घ) गाउँपालिकाको सानो एकाइलाई ........................ भनिन्छ ।



### हो वा होइन लेख्नुहोस् :

(क) हाम्रो गाउँपालिकामा १० ओटा वडा छन् । [..........]

(ख) वडा कार्यालयले हाम्रो गाउँको विकासमा मदत गर्छ । [..........]

(ग) गाउँपालिकाको कार्यालय जुम्लेकुलामा छ । [..........]

(घ) हामीले आफ्नो वडालाई फोहोर बनाउनुपर्छ । [..........]



## अभिभावकसँग सोधेर व्यक्तिगत जानकारी भर्नुहोस् :

मेरो गाउँ/टोलको नाम : ............................................

मेरो वडा नम्बर : ..................................................

मेरो वडा अध्यक्षको नाम : .........................................

मेरो गाउँपालिकाको नाम : .........................................



## उत्तर दिनुहोस् :

(क) तपाईंको गाउँपालिका कुन जिल्लामा पर्छ ?

(ख) वडा कार्यालयले के के काम गर्छ ? कुनै एक काम लेख्नुहोस्।

(ग) तपाईंलाई आफ्नो वडाको कुन कुरा सबैभन्दा राम्रो लाग्छ ?



## परियोजना कार्य :

विद्यार्थीलाई स्थानीय नक्सा देखाएर उनीहरू कुन वडामा बस्छन् भन्ने कुरा चिन्न लगाउनुहोस्। गाउँपालिका र वडाले गर्ने सार्वजनिक सेवाका बारेमा सामान्य जानकारी दिँदै स्थानीय सरकारको महत्त्व बुझाउनुहोस्।

पाठ : नौ

# सुन्दर र सफा शान्तिनगर

एउटा प्यारो गाउँ थियो– शान्तिनगर। यो गाउँ प्रकृतिको काखमा रहेको थियो। यहाँको वनजङ्गल सधैँ हरियो देखिन्थ्यो। वनमा साल र साजका अग्ला अग्ला रुखहरू थिए। ती रुखहरूले गाउँलेलाई शीतल हावा दिन्थे। वनमा चराचुरुङ्गीहरू रमाउँदै नाच्थे र मिठो स्वरमा गाउँथे। यो दृश्य देख्दा सबैको मन सफा र प्रसन्न हुन्थ्यो।



गाउँको बिचबाट कलकल गर्दै बबई नदी बग्थ्यो। नदीको पानी सुसाउँदा सङ्गीत बजे जस्तो सुनिन्थ्यो। किसानहरू त्यही नदीको पानीले खेतमा सिँचाइ गर्थे। खेतमा धान र मकै झुलिरहेका देख्दा सबै जना खुसी हुन्थे।

गाउँमा बबई मात्र होइन, बस्ती खोला र चिराघाट जस्ता ससाना खोलानालाहरू पनि थिए। ती खोलानालाले शान्तिनगरको सुन्दरता झनै बढाएका थिए।

एकदिन गाउँका केही मानिसहरूले खोलाको तिरमा फोहोर फाल्न र जथाभावी बिरुवा काट्न थाले। यो देखेर चराहरू डराए र खोलाको पानी पनि धमिलो हुन थाल्यो।

गाउँका नानीबाबुहरू मिलेर एउटा जुक्ति निकाले । उनीहरूले सबैलाई सम्झाउँदै भने, "हाम्रो शान्तिनगरलाई जोगाउन हामीले फोहोर फाल्नुहुँदैन । बिरुवा काट्दा चराहरूको घर बिग्रिन्छ र हामीले शीतल हावा पाउँदैनौँ।"



गाउँलेले नानीबाबुहरूको कुरा बुझे । उनीहरूले खोलानाला सफा राख्ने र वन जोगाउने कसम खाए। त्यसपछि फेरि शान्तिनगरको शोभा फर्कियो। चराहरू रमाउन थाले र गाउँ सधैँका लागि सुन्दर बन्यो।

हरियो छ वनजङ्गल, शीतल दिने हावा,
शान्तिनगर प्यारो छ, प्रकृतिको काखमा।

साल र साजका रुखहरू, चरी नाच्ने वन,
जङ्गलैले पार्छ साथी, सफा हाम्रो मन।

कलकल बग्ने बबई नदी, सुसाउने पानी,
त्यही पानी सिँचाइ गरी खुसी बन्छौँ हामी।

बस्ती खोला चिराघाट, कलकल गर्छन्,
यिनै खोलानालाले, हाम्रो मन भर्छन्।

नफालौँ है फोहोर, खोलानाला तिर,
नकाटौँ है बिरुवा, पर्छ मनमा पिर।



## क्रियाकलाप गरौं :



### ठिक उत्तर छान्नुहोस् :

(क) शान्तिनगर कहाँ रहेको छ ? (सहरको बिचमा / प्रकृतिको काखमा)

(ख) वनमा कुन रुखहरू थिए ? (साल र साज / स्याउ र सुन्तला)

(ग) खेतमा सिँचाइ कुन नदीले गर्थ्यो? (कोसी / बबई)



### हो वा होइन लेख्नुहोस् :

(क) जङ्गलले हाम्रो मन सफा पार्छ। [..........]

(ख) खेतबारीमा सिँचाइ गर्न पानी चाहिँदैन। [..........]

(ग) वनका बिरुवाहरू जथाभावी काट्नुपर्छ। [..........]

(घ) नदीनाला सफा राख्दा गाउँ राम्रो देखिन्छ। [..........]



### उत्तर दिनुहोस् :

(क) शान्तिनगर कहाँ रहेको छ ?

(ख) जङ्गलमा कुन कुन रुखको नाम आएको छ ?

(ग) हामीले खोलानालाको तिरमा के गर्नुहुँदैन ?

(घ) चराहरूलाई रमाउने बनाउन के जोगाउनुपर्छ ?



## सोचेर भन्नुहोस् :

(क) यदि वनका सबै रुख काटियो भने चराचुरुङ्गीहरू कहाँ जान्छन् होला ?

(ख) हामीले खोलानाला किन सफा राख्नुपर्छ ?



## चित्र बनाउनुहोस् :

एउटा हरियो वन, बगिरहेको नदी र उडिरहेका चराहरूको सुन्दर चित्र बनाउनुहोस् र रङ भर्नुहोस् ।

पाठ : दश

# हाम्रा पेसा र भाषा



शान्तिनगर गाउँ हाम्रो, कति छ रमाइलो,
विभिन्न भाषा बोल्ने हामी, मन छ उज्यालो ।

नेपाली र थारु भाषा, हाम्रो पहिचान,
मगर अनि खाम भाषा, गाउँको ठुलो मान ।





कोही गर्छन् खेतीपाती, कोही बन्छन् शिक्षक,
डाक्टर बनी गर्छन् सेवा, कोही हुन् रक्षक ।



कोही बस्छन् आरनमा, हँसिया बनाउँछन्,
सूचीकारले हाम्रा लागि लुगा सिलाउँछन् ।



डकर्मीले घर बनाउँछन्, सिकर्मीले फर्निचर,
मिहिनेतले चल्छ यहाँ सबैको व्यवहार ।





## क्रियाकलाप गरौं :



### खाली ठाउँ भर्नुहोस् :

(शिक्षक, पेसा, थारु, सिकर्मी)

(क) शान्तिनगरमा नेपाली र ...................... भाषा धेरै बोलिन्छ।

(ख) काठको काम गर्ने मानिसलाई ...................... भनिन्छ।

(ग) विद्यालयमा पढाउने मानिस ...................... हुन्।

(घ) हामीले गर्ने कामलाई ...................... भनिन्छ।



### जोडा मिलाउनुहोस् :

| पेसा गर्ने व्यक्ति | गर्ने काम |
|---|---|
| सिकर्मी | बिरामीको उपचार गर्ने |
| डाक्टर | काठको काम गर्ने |
| सूचीकार | घर बनाउने |
| डकर्मी | लुगा सिलाउने |



## हो वा होइन लेख्नुहोस् :

(क) हामीले सबै भाषाको सम्मान गर्नुपर्छ।                (............)

(ख) खेतीपाती गर्ने मानिसलाई किसान भनिन्छ।          (............)

(ग) शिक्षकले आरनमा काम गर्नुहुन्छ।                    (............)

(घ) सबै पेसाका मानिस मिलेर बसेमा गाउँ राम्रो हुन्छ।  (............)



## उत्तर दिनुहोस् :

(क) गीतमा कुन कुन भाषाको नाम आएको छ ?

(ख) फलामको काम गर्ने मानिसलाई के भनिन्छ ?

(ग) तपाईँ ठुलो भएर के बन्न चाहनुहुन्छ ?



## सिर्जनात्मक कार्य :

तपाईँको घरमा बोलिने भाषामा तपाईँलाई कस्तो छ ? भनेर कसरी सोधिन्छ ? आफ्नो साथीलाई सोधेर कापीमा लेख्नुहोस्।



## परियोजना कार्य :

कक्षामा विभिन्न भाषा बोल्ने विद्यार्थीलाई उनीहरूकै मातृभाषामा साना साना वाक्यहरू बोल्न लगाउनुहोस्।

## एकाइ : चार

# हाम्रो परम्परा



पाठ : एघार

# हाम्रो परिवार र संस्कार

हामी परिवारमा मिलेर बस्छौँ । हाम्रो परिवारमा धेरै सदस्य हुनुहुन्छ । घरमा हजुरबुबा र हजुरआमा हुनुहुन्छ। उहाँहरूले हामीलाई पुराना कथा र राम्रा कुराहरू सिकाउनुहुन्छ। हाम्रा बुबा र आमाले हाम्रो पालनपोषण र शिक्षाको ख्याल गर्नुहुन्छ। घरमा दाजु, भाउजू र दिदीले हामीलाई माया अनि सहयोग गर्नुहुन्छ।



हामीले परिवारका सदस्य र मान्यजनलाई सधैँ आदर गर्नुपर्छ। बिहान उठ्नेबित्तिकै हजुरबुबा, हजुरआमा, बुबा र आमालाई ढोग वा नमस्कार गर्नुपर्छ । मामाघर जाँदा मामा र माइजूलाई पनि उचित अभिवादन गर्नुपर्छ। हामीले घरमा मात्र होइन, बाहिर पनि राम्रो व्यवहार देखाउनुपर्छ।

विद्यालयमा शिक्षकलाई भेट्दा नमस्कार गर्नुपर्छ। घरमा आउने अतिथि वा पाहुनालाई मुस्कुराउँदै स्वागत गर्नुपर्छ। हामीले बस्नका लागि कुर्सी दिनुपर्छ। मिठो बोली र राम्रो सम्बोधनले नै मानिस असल बन्छ। ठुलालाई आदर र सानालाई माया गर्नु नै हाम्रो गाउँको असल पहिचान हो।



## क्रियाकलाप गरौँ :



### खाली ठाउँ भर्नुहोस् :

(अतिथि, ढोग, शिक्षक, आदर)

(क) हामीले मान्यजनलाई सधैँ ........................ गर्नुपर्छ।

(ख) बिहान उठेपछि बुबाआमालाई ........................ वा नमस्कार गर्नुपर्छ।

(ग) विद्यालयमा ........................ लाई देख्दा अभिवादन गर्नुपर्छ।

(घ) घरमा आउने ........................ लाई राम्रो स्वागत गर्नुपर्छ।



## जोडा मिलाउनुहोस् :

| नाता/व्यक्ति | सम्बोधन |
|---|---|
| बुबाको बुबा | मामा |
| आमाको भाइ | हजुरबुबा |
| दाजुको श्रीमती | दिदी |
| बाबाको छोरी | भाउजू |



## हो वा होइन लेख्नुहोस् :

(क) अपरिचित मानिससँग झर्केर बोल्नुपर्छ। [..........]

(ख) हजुरआमाले हामीलाई राम्रा कुरा सिकाउनुहुन्छ। [..........]

(ग) पाहुना आउँदा लुकेर बस्नु राम्रो संस्कार हो। [..........]

(घ) सबैलाई तपाईं भनेर सम्बोधन गर्दा राम्रो हुन्छ। [..........]



## उत्तर दिनुहोस् :

(क) तपाईंको घरमा को को सदस्य हुनुहुन्छ ?

(ख) मामाकी श्रीमतीलाई के भनिन्छ ?

(ग) शिक्षकलाई भेट्दा तपाईं के भन्नुहुन्छ ?

पाठ : बाह्र

# शिष्टाचार

**शिष्टाचार भनेको के हो ?**





राम्रो व्यवहारलाई नै शिष्टाचार भनिन्छ । असल मानिसले गर्ने राम्रो सभ्य व्यवहार नै शिष्टाचार हो । शिष्ट भनेको नम्र हो । आचार भनेको व्यवहार हो । हामीले गर्ने राम्रो र नम्र व्यवहार नै शिष्टाचार हो ।

**शिष्टाचारपूर्वक बोल्दा के गर्नुपर्छ ?**





सबैलाई आदरका साथ बोल्नुपर्छ । हामी सबैसँग मिठो र नम्र भएर बोल्नुपर्छ । हामी अरूसँग केही कुरा सोध्दा कृपयाबाट सुरु गर्नुपर्छ । हामीले सोधेको प्रश्नको उत्तर दिएपछि धन्यवाद भन्नुपर्छ । हामीले भुलेर गल्ती गरेमा माफी माग्नुपर्छ ।

## शिष्टाचारमा के के कुरा पर्छन् नि ?





हामी आफूभन्दा ठुलालाई आदर गर्नुपर्छ । आफूभन्दा साना भाइबहिनीलाई माया गर्नुपर्छ। सबैसँग मिठो बोल्नुपर्छ । सबैसँग हाँसेर बोल्नुपर्छ। अरुको बोलेको सुन्नुपर्छ। आफ्नो पालो आएपछि मात्र उत्तर दिनुपर्छ । कुनै कुरामा पनि जिद्दी गर्नुहुँदैन । घरमा आएका पाहुनालाई नमस्कार गर्नुपर्छ। घरमा आएका पाहुनासँग कुराकानी गर्नुपर्छ। उहाँलाई चिया, पानी, खाजा सोध्नुपर्छ। कसैसँग पनि झर्केर बोल्नुहुँदैन । आफ्ना अभिभावकले भनेको मान्नुपर्छ । गुरुको आज्ञा पालना गर्नुपर्छ । मान्यजनलाई आदर र सम्मान गर्नुपर्छ । कसैलाई पनि जाति, धर्म, वर्गका आधारमा भेदभाव गर्नुहुँदैन । सबैसँग राम्रो सम्बन्ध राख्ने बानीलाई नै शिष्टाचार भनिन्छ।



## क्रियाकलाप गरौं :



### खाली ठाउँ भरौं :

(क) आचार भनेको ................ हो ।

(ख) हामी सबैसँग मिठो र ............. भएर बोल्नुपर्छ ।

(ग) घरमा आएका पाहुनासँग .................... गर्नुपर्छ ।

(घ) सबैसँग राम्रो सम्बन्ध राख्ने बानीलाई नै ..................भनिन्छ ।



### पाठ पढी प्रश्नका उत्तर भनौं :

(क) शिष्टाचार भनेको के हो ?

(ख) हामी अरुसँग कसरी बोल्नुपर्छ ?

(ग) आफूले गल्ती गरेमा के गर्नुपर्छ ?

(घ) आफूभन्दा सानालाई के गर्नुपर्छ ?



### साथी, भ्रमण गरौं र काम गरौं:

तपाईं आफ्ना अभिभावकका साथमा गाउँ वा टोलको भ्रमण गर्नुहोस् । आफ्ना अभिभावकले छिमेकीसँग कस्तो शिष्टाचार गर्नुभयो ? ख्याल राख्नुहोस् । उहाँले गरे जस्तै शिष्टाचार छिमेकीलाई देखाउनुहोस् ।



## परियोजना कार्य गरौँ :

तपाईँले जानेका शिष्टाचार जनाउने शब्द कक्षाका साथीलाई सुनाउनुहोस् ।



## चित्र बनाऔँ :

कसैलाई झुकेर नमस्कार गरेको चित्र बनाएर कक्षामा देखाउनुहोस् ।

पाठ : तेह्र

# सुन्दरको असल बानी

शान्तिनगर गाउँमा सुन्दर नाम गरेका एउटा बालक बस्थे । उनी दुई कक्षामा पढ्थे । उनका हजुरबुबाले उनलाई सधैँ एउटा कुरा भन्नुहुन्थ्यो, "बाबु, हाम्रो संस्कृतिमा त पाहुना भनेका भगवान् हुन् (अतिथि देवो भवः)। त्यसैले सबैलाई आदर गर्नुपर्छ ।" एकदिन सुन्दर घरको आँगनमा खेलिरहेका थिए। त्यत्तिकैमा एक जना नचिनेका मानिस (अतिथि) घरमा आउनुभयो। सुन्दरले झट्ट उठेर दुवै हात जोडी नमस्कार गरे र बस्नका लागि कुर्सी दिए। उनले भित्र गएर आमालाई पाहुना आएको खबर गरे र पाहुनालाई खानेपानी ल्याएर दिए।



खेलिरहँदा सुन्दरको बलले झुक्किएर पाहुनाको झोला पल्टियो। सुन्दर डराएनन्, उनले तुरुन्तै भने, "माफ गर्नुहोला, मबाट गल्ती भयो।" उनको यो क्षमा माग्ने बानी देखेर पाहुना धेरै खुसी हुनुभयो।

एक पटक साँझमा सुन्दरका मामा र माइजू पनि आउनुभयो। सुन्दरले मामा र माइजूलाई आदरपूर्वक नमस्कार गरे। मामाले भन्नुभयो, "सुन्दर, तिमी कति शिष्ट भाषा बोल्छौ, सानालाई माया र ठुलालाई आदर गर्ने तिम्रो बानी धेरै राम्रो छ।" त्यस दिन सुन्दरले बुझे– गल्ती हुँदा स्विकार्ने, पाहुनाको सेवा गर्ने र नाताअनुसारको सही सम्बोधन गर्दा नै मानिस सबैको प्यारो बन्दो रहेछ।



## क्रियाकलाप गरौँ :



### खाली ठाउँ भर्नुहोस् :

(अतिथि, आदर, ढोग, माफ)

(क) मान्यजनलाई सधैँ ........................ गर्नुपर्छ।

(ख) पाहुनालाई हाम्रो परम्परामा ........................ देवो भवः भनिन्छ।

(ग) गल्ती हुँदा ........................ माग्नुपर्छ।

(घ) मामालाई भेट्दा ........................ गर्नुपर्छ।

## कसलाई के भन्ने ? जोडा मिलाउनुहोस् :

| व्यक्ति | सम्बोधन / व्यवहार |
|---|---|
| हजुरबुबा | नमस्कार |
| पाहुना (अतिथि) | आदर तथा सम्मान |
| भाइबहिनी | शिष्ट भाषामा कुरा गर्ने |
| अपरिचित व्यक्ति | माया र सद्भाव |

## हो वा होइन लेख्नुहोस् :

(क) गल्ती हुँदा लुकाउनुपर्छ, स्वीकार्नु हुँदैन। [..........]

(ख) पाहुनालाई देख्दा नमस्कार गर्नुपर्छ। [..........]

(ग) साना भाइबहिनीलाई पिट्नु राम्रो कुरा हो। [..........]

(घ) शिष्ट भाषाले सबैको मन जित्छ। [..........]



## उत्तर दिनुहोस् :

(क) सुन्दरले पाहुनालाई देख्नेबित्तिकै के गरे ?

(ख) अतिथि देवो भवः भनेको के हो ?

(ग) आफूबाट केही गल्ती भयो भने तपाईं के भन्नुहुन्छ ?



## अभिवादन गरौँ :

कक्षामा शिक्षक र साथीहरूलाई आफ्नो संस्कारअनुसार (ढोग, नमस्कार वा सेवा) अभिवादन गरेर देखाउनुहोस् ।



## सहयोग मागौँ :

तपाईँलाई साथीको पेन्सिल चाहिएको छ भने शिष्ट भाषामा कसरी माग्नुहुन्छ ?



## साथी, चित्र बनाऔँ :

तपाईँले कसैलाई नमस्कार गर्दै गरेको एउटा सुन्दर चित्र बनाउनुहोस् ।

## एकाइ : पाँच

# हाम्रो स्थानीय सरकार



पाठ : चौध

# हाम्रो स्थानीय सरकार

हामी बस्ने देशको नाम नेपाल हो। नेपाललाई सातओटा प्रदेशमा बाँडिएको छ। हाम्रो घर लुम्बिनी प्रदेशमा पर्छ। यस प्रदेशमा १२ ओटा जिल्ला छन्। हाम्रो जिल्लाको नाम दाङ हो। हामी दाङ जिल्लाको शान्तिनगर गाउँपालिकामा बस्छौँ। हाम्रो गाउँपालिकामा ७ ओटा वडा रहेका छन्। हामी सबैको आआफ्नो वडा र टोल छ।




हामीले आफ्नो ठेगाना बताउँदा टोल, वडा र गाउँपालिकाको नाम भन्नुपर्छ। हाम्रो गाउँपालिकामा स्थानीय सरकार भनिन्छ। यसका मुख्य मानिसहरू

अध्यक्ष र उपाध्यक्ष हुनुहुन्छ। उहाँहरूलाई गाउँका मानिसहरूले भोट दिएर जिताएका हुन् । यसै गरी हरे क वडामा एक जना वडा अध्यक्ष र




चार जना सदस्य हुनुहुन्छ। उहाँहरूले हाम्रो गाउँमा बाटो बनाउने, पानीको व्यवस्था गर्ने र विद्यालयको रेखदेख गर्ने काम गर्नुहुन्छ।

## क्रियाकलाप गरौँ :

### खाली ठाउँ भर्नुहोस् :

(अध्यक्ष, दाङ, ७, लुम्बिनी)

(क) हाम्रो गाउँपालिका ......................... जिल्लामा पर्छ।

(ख) हाम्रो प्रदेशको नाम ......................... प्रदेश हो।

(ग) शान्तिनगर गाउँपालिकामा जम्मा .................... ओटा वडा छन्।

(घ) गाउँपालिकाको मुख्य व्यक्तिलाई ......................... भनिन्छ।



## जोडा मिलाउनुहोस् :

| तह/पद | नाम वा सङ्ख्या |
|---|---|
| प्रदेश | शान्तिनगर |
| जिल्ला | ७ |
| गाउँपालिका | दाङ |
| वडा सङ्ख्या | लुम्बिनी |



## आफ्ना अभिभावक वा शिक्षकलाई सोधेर पूरा गर्नुहोस् :

मेरो नाम : ..........................................................

मेरो प्रदेशको नाम : ..................................................

मेरो जिल्लाको नाम : ..................................................

मेरो गाउँपालिकाको नाम : ............................................

मेरो वडा नम्बर : ......................................................

मेरो टोलको नाम : ......................................................



## पदाधिकारीको नाम लेख्नुहोस् :

गाउँपालिका अध्यक्षको नाम : ..............................................

गाउँपालिका उपाध्यक्षको नाम : ...........................................

मेरो वडाको अध्यक्षको नाम : ..............................................



## उत्तर दिनुहोस् :

(क) स्थानीय सरकारले गर्ने कुनै एउटा काम लेख्नुहोस्।

(ख) तपाईंको गाउँपालिकाको मुख्य कार्यालय कुन ठाउँमा छ ?

(ग) वडा अध्यक्षले कहाँ बसेर काम गर्नुहुन्छ ?



## परियोजना कार्य :

शिक्षकसँग मिलेर आफ्नो वडा कार्यालयको भ्रमण गर्नुहोस् र त्यहाँ को को बस्नुहुन्छ ? उहाँहरूको नाम सोधेर कापीमा टिप्नुहोस्।

पाठ : पन्ध्र

# हाम्रो वडा र सेवा

(स्थान : विद्यालयको कक्षाकोठा । गुरुआमाले विद्यार्थीलाई वडाका बारेमा जानकारी दिँदै हुनुहुन्छ ।)

गुरुआमा : नानीबाबुहरू, आज हामी हाम्रो वडाको बारेमा कुरा गर्ने छौँ । तपाईंहरूलाई थाहा छ, हाम्रो वडाको कार्यालय कहाँ छ ?

स्नेहा : हजुर गुरुआमा, हाम्रो वडाको कार्यालय त स्वास्थ्य चौकीको नजिकै छ । म बुबासँग जन्मदर्ता बनाउन त्यहाँ गएको थिएँ ।

गुरुआमा : धेरै राम्रो स्नेहा । वडा कार्यालयले हामीलाई धेरै सेवा दिन्छ । वडाको सबैभन्दा मुख्य व्यक्तिलाई वडा अध्यक्ष भनिन्छ । उहाँलाई मदत गर्न ४ जना वडा सदस्य हुनुहुन्छ ।



अञ्जली : गुरुआमा, वडा कार्यालयले के के काम गर्छ नि ?

गुरुआमा : वडा कार्यालयले धेरै काम गर्छ, जस्तै :

१. बाटोघाटो र कुलाको मर्मत गर्ने ।

२. जन्मदर्ता, विवाह दर्ता र मृत्युदर्ता गर्ने ।

३. हाम्रो वडालाई सफा र हराभरा राख्ने ।

४. गरिब र असहाय मानिसलाई सिफारिस र मदत गर्ने ।

सागर : गुरुआमा, हाम्रो वडामा त विद्यालय र अस्पताल पनि छ, ती के हुन् ?

गुरुआमा : ती हामीलाई सुविधा दिने संस्था हुन् सागर । हामी विद्यालयमा पढ्छौँ । स्वास्थ्य चौकीमा उपचार गर्छौँ । हामीले आफ्नो वडालाई राम्रो बनाउनुपर्छ ।



## क्रियाकलाप गरौं :



### खाली ठाउँ भर्नुहोस् :

(५, वडा अध्यक्ष, वडा कार्यालय, जन्मदर्ता)

(क) वडाको मुख्य व्यक्तिलाई ........................ भनिन्छ।

(ख) वडा समितिमा जम्मा ...................... जना पदाधिकारी हुन्छन्।

(ग) हामीले ........................ बनाउन वडा कार्यालय जानुपर्छ।

(घ) वडाको सेवा लिन हामी ........................ जानुपर्छ।



### जोडा मिलाउनुहोस् :

| संस्था | दिने सेवा |
|---|---|
| विद्यालय | बिरामीको उपचार |
| स्वास्थ्य चौकी | सुरक्षा र शान्ति |
| प्रहरी चौकी | बाटोघाटोको विकास |
| वडा कार्यालय | लेखपढ र शिक्षा |



## वडा कार्यालयले गर्ने कुनै ४ ओटा काम लेख्नुहोस् :

१. ..........................................................................

२. ..........................................................................

३. ..........................................................................

४. ..........................................................................



## ठिक वा बेठिक लेख्नुहोस् :

(क) वडा अध्यक्षले वडाको विकास गर्ने काम गर्छन्। (.... ..)

(ख) विद्यालयले बिरामीको उपचार गर्ने काम गर्छ। (.... ..)

(ग) वडा कार्यालय हाम्रो घर नजिकैको सरकारी कार्यालय हो। (.... ..)

(घ) वडामा जम्मा १० जना सदस्य हुन्छन्। (.... ..)



## आफ्ना अभिभावकलाई सोधेर तलका कुरा लेख्नुहोस् :

मेरो वडाको नम्बर : ..................................................

मेरो वडा अध्यक्षको नाम : ............................................

मेरो वडा कार्यालय रहेको ठाउँको नाम : ..............................

## एकाइ : छ

# लिखत तथा उद्घोषण



पाठ : सोह्र

# मिठो बोलौँ, स्पष्ट बोलौँ

हामीले आफ्ना कुरा अरूलाई सुनाउन र अरूका कुरा बुझ्नका लागि बोल्नुपर्छ। राम्रोसँग बोल्न जान्नु एउटा ठुलो कला हो।



## राम्रोसँग बोल्नका लागि के गर्ने ?

**बिस्तारै बोल्ने :** नहडबडाइकन एक एक शब्द स्पष्ट हुने गरी बोल्नुपर्छ।

**आँखामा हेर्ने :** बोल्दा खेरि सुन्ने मान्छेको आँखामा हेरेर बोल्नुपर्छ। यसले आत्मविश्वास बढाउँछ।

**सफासँग उच्चारण गर्ने :** अक्षर र शब्दहरूलाई शुद्धसँग उच्चारण गर्नुपर्छ।

**नडराई बोल्ने :** शिक्षक वा साथीहरूसँग बोल्दा डराउनुहुँदैन । जे मनमा छ, त्यही भन्नुपर्छ ।

**पहिले सुन्ने :** अरूले बोलेको कुरा ध्यान दिएर सुन्नुपर्छ। आफ्नो पालामा बोल्नुपर्छ ।

## कस्तो बोली बोल्ने ?

- सधैँ मिठो र नम्र बोली बोल्ने ।
- कसैलाई चित्त दुख्ने गरी नराम्रो शब्द नबोल्ने ।
- बोल्दा खेरि अनुहारमा थोरै मुस्कान राख्ने ।

## बोलौँ मिठो

मुसुमुसु हाँसेर, मिठो बोलौँ न,
मनका कुरा सफासँग, सबै खोलौँ न ।
नडराई सफासँग, कुरा भन्नु छ,
धेरै कुरा सिकेर, असल बन्नु छ ।



## क्रियाकलाप गरौँ :



### खाली ठाउँ भरौँ :

मेरो नाम ................................. हो ।

म ............................. टोलमा बस्छु ।

मलाई ....................... खान मन पर्छ ।



### हो वा होइन लेखौँ :

(क) बोल्दा खेरि भुइँतिर हेर्नुपर्छ । [..........]

(ख) हामी धेरै छिटो छिटो बोल्नुपर्छ । [..........]

(ग) अरू बोलेको कुरा सुन्नुपर्छ । [..........]

(घ) मिठो बोलीले सबैको मन जित्छ । [..........]



### कथा सुनाउनुहोस् :

आफूले जानेको कुनै एउटा सानो कथा वा चुट्किला कक्षामा सबैले सुन्ने गरी सुनाउनुहोस् ।



### के भन्ने ?

तपाईँलाई पानी तिर्खा लाग्यो भने शिक्षकलाई कसरी माग्नुहुन्छ ?
(उत्तरः गुरुआमा, कृपया म पानी खान सक्छु ?)

टिपोट:

टिपोटः

टिपोटः